# विश्रामपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### विश्रामपुर, बारा

मधेश प्रदेश, नेपाल

**माछापालनको लागि पोखरी ठेक्का बन्दोवस्त सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको सूचना ।**
**दोस्रो पटक प्रकाशित मिति २०८१/०५/१३**

यस विश्रामपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रचलित कानुन बमोजिम यस गाउँपालिकाको क्षेत्र भित्र रहेको सार्वजनिक पोखरीको यस गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ठेक्का न को हकमा १५ दिनभत्रि प्रति ठेक्का रु. १,०००।-(एक हजार मात्र) फिर्ता नहुने गरी नगद बुझाई यस गाउँपालिकाको कार्यालय, विश्रामपुर, बाराबाट प्राप्त गर्न सकिने छ । सो शिलबन्दी फाराममा आफूले कबोल गर्न चाहेको रकम भरी अंक र अक्षरमा समेत उल्लेख गरी १६ औं दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । पेश हुन आएको शिलबन्दी बोलपत्र सोही दिनको दिउँसो २:०० बजे कार्यालयले तोकेको प्रतिनिधि तथा शिलबन्दी दरभाउपत्रदाताहरुको रोहबरमा खोलिने छ । शिलबन्दी दरभाउपत्र खरिद गर्न आउदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म वा संस्थाको हकमा करमा दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत लिई आउनुपर्ने छ ।

२. ठेक्का लिन चाहने ईच्छुक व्यक्तिहरुले धरौटी वापत आफूले कबोल गरेको अंकको न्यून्तम ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.एम.बि.बैंक, विश्रामपुर शाखा स्थित धरौटी खाता नं.ग.३.१स्थानीय तह धरौटी खाता ११३००७२०३०८०००४१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा ७५ दिनको मान्यता प्राप्त बैंकको सक्कल बैंक जमानतपत्र संलग्न गर्नुपर्नेछ ।

३.शिलबन्दी दरभाउपत्रको खाम बाहिर ठेकेदार र ठेक्काको नाम खुल्नेगरी प्रष्ट लेखी कार्यालयलाई सम्बोधन गरी शिलबन्दी पेश गर्नुपर्नेछ ।

४. आफुले पेश गरेको शिलबन्दी दरभाउपत्र फाराममा कबोल गरेको अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

५. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र सम्झौता गर्न आउनुपर्ने छ । सो म्याद भित्र सम्झौता गर्न नआएमा जम्मा गरेको धरौटी रकम जफत गरी त्यसपछिको कबोल गर्ने बोलपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ ।

६. ठेक्का सम्झौता गर्न आउदा आफूले कबोल गरेको अंकको २५ प्रतिशतले हुन आउने रकम अग्रिम दाखिला गर्नुपर्ने छ र त्यसपछि बाँकी रहेको रकम बरारबको नगद वा जेथा जमानत वा बैंक जमानत राख्नुपर्नेछ ।

# विश्रामपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### विश्रामपुर, बारा

मधेश प्रदेश, नेपाल

७. ठेक्का सम्झौता ५ वर्षको लागि गरिनेछ तर प्रत्येक वर्ष माछा पालन गर्न तथा माछा निकाल्न अघिल्लो वर्षको किस्ता तिरेको भौचर पेश गरी प्रशासन शाखाबाट चलन पुर्जी लिनुपर्नेछ । चलन पुर्जी बिना माछा मार्न पाईने छैन ।

८. आफुले कबोल गरेको रकम एकमुष्ट बुझाउने स्वीकृत शिलबन्दी दरभाउपत्रदातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिईनेछ । एकुष्ट बुझाउन नसक्ने शिलबन्दी दरभाउपत्रदाताको हकमा दोस्रो, तेस्रो र अन्तिम किस्ता गरी बराबरको ठेक्का अवधिभर मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा जेथा जमानतपत्र पेश गनुपर्नेछ ।

९. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१०.माछापालन गर्दा स्थानीय संरचना विगार्ने वा स्थानीयलाई कुनै प्रकारको अप्ठ्यारो हुने गुनासो भाएमा वा विवाद भएमा जुनसुकै समयमा पनि सम्झौता रद्ध गर्न सकिनेछ ।

११. कुनै शर्त सहितको शिलबन्दी दरभाउपत्र स्वीकार्य हुने छैन ।

१२. गाउँपालिकाले आवश्यकता अनुसार पोखरीको डिल र सो क्षेत्रमा रहेको रहेको सार्वजनिक जग्गा बृक्षारोपण तथा भौतिक पूर्वाधार निर्माण ठेकेदारको माछापालन व्यवसायमा असर नपर्ने गरी गर्न सक्नेछ ।

**तपशिल :**

| सि.नं. | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-८१/८२ | ईटियाही | साबिक छतवा गा.वि.स. | १२,००,०००।-(बाह्र लाख मात्र) | |

.................................

प्रमुख प्रशासकीय अधिकृत